# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०९।०६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय हरिवन, सर्लाहीका खरिदार देवीचरण न्यौपानेले सेवाग्राहीबाट घुस/रिसवत लिएको भन्ने समेत व्यहोराको उजुरीउपर अनुसान्धान हुँदा निज खरिदारले मालपोत कार्यालय हरिवन, सर्लाहीमा लेखनदासको काम गर्ने केशबहादुर कार्कीमार्फत सेवाग्राहीबाट रु. १,०००।-(एक हजार) रकम घुस/रिसवतवापत लिएको तथ्य पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकोले निजलाई रु. १,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन एवं निजले लिएको उल्लेखित घुस/रिसवतवापतको रकमसमेत जफत हुन मागदाबी लिइएको छ ।

साथै मालपोत कार्यालय हरिवन सर्लाहीमा लेखनदासको काम गर्ने केशवबहादुर कार्कीले सेवाग्राहीबाट रु. १,०००।- (एक हजार) घुस रिसवतवापत लिई खरिदार देवीचरण न्यौपानेलाई दिएको पुष्टि हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको देखिएकोले निज केशवबहादुर कार्कीलाई रु १,०००।-बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशले निर्देश गरे बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला